लुम्बिनी प्रदेश सरकार
# वन,वातावरण,पर्यटन तथा खानेपानी मन्त्रालय
राप्ति उपत्यका(देउखुरी), नेपाल

## प्रस्ताव आहवानको सूचना

(पहिलो पटक प्रकाशित मिति २०८०।११।१६)

यस वन, वातावरण,पर्यटन तथा खानेपानीको चालु आर्थिक वर्ष २०८०/ ०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका अध्ययन अनुसन्धानका कार्यहरू सेवा प्रदायक मार्फत गर्नुपर्ने भएकोले स्वीकृत कार्यक्षेत्रगत शर्त (TOR) बमोजिमका कार्यहरू सम्पन्न गरी प्रतिवेदन पेस गर्नका लागि ईच्छुक पेशागत दक्षता तथा अनुभव भएका प्रचलित कानून बमोजिम दर्ता भई योग्यता पुगेका, नियमानुसार कर चुक्ता भएका र कारवाहीमा नपरेका सेवा प्रदायक संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र संस्थाको प्रोफाईल र TOR तथा स्वीकृत प्रस्तावमा उल्लेखित कागजहरु(संलग्न राखी)प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै रूपमा शिलबन्दी गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।थप जानकारी सहितको विस्तृत सूचना एवं स्वीकृत प्रस्ताव यस मन्त्रालयको सूचना पार्टी र वेभसाइट https://moitfe.lumbini.gov.np/ बाट प्राप्त गर्न सकिनेछ।

तपसिल

| सिनं | कार्यक्रमको नाम | स्वीकृत लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | सहरी सडक वृक्षारोपण मार्गदर्शन (Manual) तयारी | ९,९९,७६५ | Vat&contingency सहित |
| २ | जडिबुटि प्रशोधन उद्योगको संभाव्यता अध्ययन | १९,९३,६८० | Vat&contingency सहित |
| ३ | सामुदायिक तथा साझेदारी वनका विपन्न समुदायमा परेको प्रभावको अध्ययन प्रतिवेदन तयारी | १९८५३४९।६० | Vat&contingency सहित |

शर्तहरु

१. यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र नविकरण भएको इजाजतपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र र गत आ.व. को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु प्राविधिक प्रस्ताव साथ संलग्न गरी प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलवन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्ट रुपले उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै खाम बन्दी गरी खामको बाहिर प्रस्ताव पेश गरेको कार्यक्रमको नाम र प्रस्तावदाताको नाम ठेगाना समेतको विवरण उल्लेख गरी सेवाप्रदायक वा निजको अधिकृत प्रतिनिधिले यस मन्त्रालयमा कार्यालय समय भित्र पेश गर्नु पर्नेछ ।

२. पेश भई दर्ता भएका प्रस्तावहरू १६ औं दिनको १२:०० बजे प्रस्तावदाता वा निजको अधिकृत प्रतिनिधीको रोहवरमा यस मन्त्रालयमा खोलिने छ । तर प्रस्तावदाता वा निजको अधिकृत प्रतिनिधी उपस्थित नभएको कारणले प्रस्ताव खोल्न बाधा पर्ने छैन । प्राविधिक प्रस्तावको मुल्याँङ्कनको कार्य समाप्त नहुन्जेल आर्थिक प्रस्ताव खोलिने छैन । मन्त्रालयले तोकिए बमोजिमको न्यूनतम अंङ्क प्राप्त गरी उत्तीर्ण भएका प्रस्तावदातारुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ । प्रस्ताव मुल्याँङ्कनको आधार, उप- आधार तथा अन्य मापदण्डहरु मन्त्रालयले तोकिए बमोजिम हुनेछ ।

३. प्रस्ताव बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिनमा तोकिएकै समयमा हुनेछ ।

४. सम्पादन गर्नुपर्ने काम मन्त्रालयबाट स्वीकृत कार्य क्षेत्रगत शर्त बमोजिम हुनेछ ।

५. कार्य सम्पन गर्ने सम्बन्धमा कार्यक्षेत्रगत शर्तमा जतिसुकै समयावधि उल्लेख गरिएको भएतापनि प्रस्तावदाताले कार्यक्षेत्रगत शर्त बमोजिमका कार्यहरु सम्पन्न गरी २०८१ ।०३।१५ गते सम्ममा अन्तिम प्रतिवेदन पेश गर्नु पर्ने छ ।

६. आर्थिक प्रस्तावमा भ्याट सहितको जम्मा रकम अंक र अक्षरमा स्पष्टसंग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

७. प्रस्ताव स्वीकृत भै म्याद भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुनेछ ।

८. नियमानुसार लाग्ने सम्पूर्ण करहरु सेवा प्रदायकले व्यहोर्नु पर्नेछ ।

९. सेवाप्रदायकले मन्त्रालयमा भएको सरोकारवाला सँगको अन्तिम छलफलबाट प्राप्त सुझाव समेत समेटेर स्वीकृत कार्यक्षेत्रगत शर्तमा उल्लेखित परिमाणमा अन्तिम प्रतिवेदनको Softcopy र Hardcopy पेश गरेपछि भुक्तानी दिईने छ ।

१०. प्रस्तावदाताले शिलबन्दी प्रस्ताव पेश गर्दा प्रस्तावको हरेक पृष्ठ र पेश गरिएका प्रत्येक कागजातमा सहीछाप गरेको र सम्बन्धित फर्मको छाप लागेको हनु पर्नेछ । साथै कालो सूचिमा नपरेको स्वयंले

महाशाखा प्रमुख

घोषणा गरेको पत्र सिलबन्दी साथ अनिवार्य पेश गर्नुपर्नेछ । प्रस्तावदाताले स्वीकृत प्रस्ताव मन्त्रालयको webside बाट डाउनलोड गर्नुपर्नेछ ।

११. प्रस्ताव सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समय भित्र मन्त्रालयबाट बुझ्न सकिनेछ ।

१२. म्याद नाघी आएको तथा रीत नपुगेको प्रस्तावमा कुनै कारवाही हुने छैन ।

१३. प्रस्तावदाताले माथिका मध्ये कुनै एक कार्यक्रमको लागि मात्र प्रस्ताव पेश गर्न सकिनेछ । एउटै प्रस्तावदाताबाट एक भन्दा बढी कार्यक्रमको लागि प्रस्ताव पेश भई आएमा मुल्याँङ्कन समितको निर्णयबाट कुनै एकै प्रस्तावलाई मात्र मुल्याँङ्कन प्रकृयामा समावेश गरिनेछ ।

१४. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१५. यो सूचना यस मन्त्रालयको वेभसाइट https://moitfe.lumbini.gov.np/ मा पनि हेर्न सकिनेछ ।